सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ संख्या : १३ मितिः आषाढ १८ गते, २०७८


## भाग - १

## सिद्धार्थनगर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७८

**प्रस्तावनाः**

सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क तथा दस्तुर संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यबस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ बमोजिम नगर सभामा यो ऐन पेश गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम आर्थिक ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन सिद्धार्थनगर नगरपालिकाको नगर सभाबाट पारित गरी २०७८ साल श्रावण १ गतेदेखी सिद्धार्थनगर नगर क्षेत्रमा लागू हुनेछ ।

## २. परिभाषा

(१) **पूर्वाधार उपयोग शुल्क** भन्नाले नगरपालिकाले आफैंले बनाएको वा कुनै निकायबाट नगरपालिकामा हस्तान्तरण भै आएको सडकबाट गुड्ने सवारी साधनमा लगाउने कर भन्ने बुझिन्छ ।

(२) **सवारी साधनकर** भन्नाले नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा लगाउने कर भन्ने बुझिन्छ ।

(३) **बाह्य आय** भन्नाले नगरपालिकालाई नेपाल सरकार, प्रदेश सरकार राजश्व बाँडफाँड, वित्तीय समानिकरण, समपुरक अनुदान, सशर्त अनुदान, अन्य अनुदान, बिभिन्न दातृ निकायहरूबाट प्राप्त हुने अनुदान तथा नेपाल सरकार एवं अन्य निकायहरूबाट प्राप्त हुने ऋण तथा अन्य बाह्य आय समेत भन्ने बुझिन्छ ।

## ३. सम्पत्तिकरः

(१) सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र सो जग्गामा बनेको संरचना (घर, गोठ, टहरा, गोदाम आदि समेत) मा सम्पत्तिकर लगाइने र असूलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्तिकर अनुसूचि (१) बमोजिम हुनेछ ।

(३) सम्पत्तिकर निर्धारण प्रयोजनका लागि जग्गाको मूल्यांकन गर्दा नगर सभाबाट पारित न्यूनतम मूल्यांकनलाई आधार लिइनेछ ।

(४) सम्पत्तिकर निर्धारण प्रयोजनका लागि कुनैपनि भौतिक संरचनाको मूल्यांकन गर्दा अनुसूचि (२) मा उल्लेखित दर अनुसार गरिनेछ ।

(५) सम्पत्तिकर निर्धारण प्रयोजनका लागि कुनैपनि भौतिक संरचनाको मूल्यांकन गर्दा अनुसूचि (३) मा उल्लेखित दर अनुसार ह्रास कट्टी गरिनेछ ।

(६) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका जग्गा तथा सो जग्गामा बनेका भौतिक संरचनामा सम्पत्तिकर लगाइने छैन ।

(७) उपदफा (१) बमोजिम सम्पत्तिकर लागेको सम्पतिमा मालपोत वा भूमीकर लाग्ने छैन । तर सम्पत्तिकर लागू हुनु भन्दा अघि (आ. ब २०६९।०७० भन्दा अघिल्लो आ. ब. सम्म) को बक्यौता घरजग्गा कर तथा मालपोत अशुली गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन ।

तर माथि जुनसुकै कुरा लेखिएको भएतापनि सम्पत्तिकर तर्फ २०७८ पौष मसान्त सम्म बुझाएमा १० प्रतिशत छुट दिईनेछ । साथै हाल कोभिड १९ को महामारीका कारण आ.ब. २०७७/७८ को बक्यौतामा जरिवाना समेत लिईनेछैन ।

४. **मालपोत तथा भूमीकर :** (१) सम्पत्तिकर नलगाइएको जग्गामा अनुसूचि (४) बमोजिम मालपोत तथा भूमीकर लगाइने र असूल उपर गरिनेछ ।

तर माथि जुनसुकै कुरा लेखिएको भएतापनि मालपोत भूमिकर तर्फ २०७८ पौष मसान्त सम्म बुझाएमा १० प्रतिशत छुट दिईनेछ । साथै हाल कोभिड १९ को महामारीका कारण आ.ब. २०७७/७८ को बक्यौतामा जरिवाना समेत लिईनेछैन ।

५. **ह्रास कट्टी:** (१) बमोजिम सम्पत्तिकर निर्धारण प्रयोजनका लागि भौतिक संरचनाको मूल्यांकन गर्दा अनुसूचि (३) मा उल्लेखित दर अनुसार ह्रास कट्टी गरी मूल्यांकन गरिनेछ ।

६. **घरबहाल कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ब्यापारिक भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी आदि पूरै वा आंशिक तबरले बहालमा दिएकोमा अनुसूचि (५) बमोजिम घरजग्गा बहालकर लगाइने र असूलउपर गरिनेछ ।

७. **पेशा व्यवसाय कर :** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक बारोबार समेतका आधारमा अनुसूचि (६) बमोजिम पेशा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

तर माथी जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय कर २०७८ पौष मसान्तसम्म बुझाएमा १५ प्रतिशत छुट दिइनेछ । होटल, रेष्टुरेन्ट, वार, ट्राभल एजेन्सी, शैलुन, व्युटिपार्लर लगायत नेपाल सरकारबाट रेड जोन भनी तोकिएका व्यवसायको हकमा २०७८ पौष मसान्तसम्म ३० प्रतिशत छुट दिइनेछ । नगरपालिकामा दर्ता नगरी विगतदेखि नै संचालनमा रहेका व्यवसायहरुको हकमा एक पटकका लागी व्यवसाय संचालन गरेको तीन आर्थिक बर्षको कर लिइ कुनै जरिवाना बिना कार्तिक मसान्तसम्मको म्याद दिइ दर्ता गर्ने साथै उक्त अवधि भित्र दर्ता नभएको खण्डमा व्यवसाय गरेको पुरै अवधिको दण्ड जरिवाना सहित कर असुल गरिनेछ । साथै तत् पश्चात् पनि अटेर गरी दर्ता हुन नआउने व्यवसायीको हकमा नगरपालिकाले उपलब्ध गराउने सेवा सुविधा रोक्न सकिनेछ ।

८. **सवारी साधनकर :** (१) नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनहरुमा लाग्ने कर प्रदेश कानून बमोजिम हुनेछ ।

९. **पूर्वाधार उपयोग शुल्क :** (१) नगरपालिकाले आफैंले बनाएको वा कुनै निकायबाट नगरपालिकामा हस्तान्तरण भै आएको सडकबाट गुड्ने सबारी साधनमा अनुसूचि (७) बमोजिम पूर्वाधार उपयोग शुल्क लगाइने र असुल उपर गरिनेछ । यस कार्यको लागि निजी क्षेत्रको समेत सहयोग लिन सकिने छ ।

१०. **विज्ञापन कर:** (१) नगरपालिका क्षेत्रभित्र हुने बिभिन्न प्रकारका बिज्ञापनमा अनुसूचि (८) बमोजिम बिज्ञापन कर लगाइने र असुलउपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा व्यबस्था भएको अबस्थामा सोही बमोजिम हुनेछ ।

**११. मनोरञ्जन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने बिभिन्न प्रकारका मनोरञ्जन व्यवसायमा अनुसूचि (९) बमोजिम मनोरञ्जनकर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा ब्यबस्था भएको अबस्थामा सोही बमोजिम हुनेछ ।

**१२. सेवा शुल्कः** (१) सम्पतिकर असुली गर्दा अनुसूचि (१०) मा उल्लेख भए बमोजिम अतिरिक्त सेवा शूल्क लिईनेछ ।

**१३. घर नक्सापास दस्तुरः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बनेका भौतिक संरचनाहरूको अनुसूचि (११) मा उल्लेख भए बमोजिमको दरमा नक्सापास दस्तुर लगाइने र असूलउपर गरिनेछ ।

**१४. पार्किङ शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुबिधा उपलब्ध गराए वापत अनुसूचि (१२) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) सवारी साधनको चाप र किसिम, सडकको क्षमता, उपयुक्त स्थानको उपलब्धता आदिलाई मध्यनजर गरी नगर कार्यपालिकाले आबश्यक कार्यबिधि तय गरी सवारी साधनहरूका लागि स-शुल्क पार्किङको ब्यबस्थापन गर्नसक्नेछ ।

**१५. शुल्क दस्तूरः** (१) नगरपालिकाले उपलब्ध गराउने बिभिन्न सिफारिस वापत अनुसूची (१३) अनुसारको दस्तुर लिईनेछ ।

- तर माथि जुनसुकै कुरा लेखिएको भएतापनि अपाङ्गता, ज्येष्ठ नागरिक परिचय पत्र सिफारिश, निःशुल्क औषधोपचार सिफारिश, भुक्तानी विवरण, कर तिरेको विवरण, योजना, कार्यक्रम माग सम्बन्धी सिफारिश, सुरक्षित मातृत्व संवन्धि सिफारिश, प्रकोप पिडित, द्वन्द्वपिडित सिफारिश, घटना घटेको ३५ दिनभित्रको व्यक्तिगत घटना दर्ता प्रमाणपत्र, संघ/प्रदेश/स्थानीय तहले निःशुल्क उपलव्ध गराउने सेवाका लागि सिफारिश, सामाजिक सुरक्षा कार्यक्रमसंग सम्वन्धित सिफारिश/प्रमाणित, लैगिक हिंसा,घरेलु हिंसासंग संवन्धित सिफारिश, नेपाल सरकार, प्रदेश सरकार, सिद्धार्थनगर नगरपालिकाले वेला वेलामा निःशुल्क सिफारिश गर्ने भनी तोकिएका सिफारिशहरु निशुल्क गर्नेछ ।
- अति विपन्न, अपाङ्ग, असहाय, अशक्त, दैवी प्रकोप पीडित, द्वन्द्वपिडित, ज्येष्ठ नागरिक, दिर्घ रोगी र नाफा रहित सेवामूलक संस्थाका सिफारिसहरू निःशुल्क गरिनेछ । यस बाहेक अन्यका हकमा कुनै पनि सेवा शुल्क र सिफारिस दस्तुरमा मिनाहा गरिनेछैन ।

**१६. बहाल बिटौरी, हाट बजार शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र नगरपालिका आफैंले निर्माण गरेका वा रेखदेख वा सञ्चालन गरेका पसल वा हाट बजारबाट शुल्क संकलनका लागि नगरपालिकाले आबश्यक कार्यबिधि बनाई निर्दिष्ट गरेका क्षेत्रको सूचि तयार गरी सोही आधारमा बहाल वा शुल्क निर्धारण गरिनेछ । सुबिधा उपलब्ध गराए वापत अनुसुची (१४) मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइने र असुल उपर गरिनेछ । यस कार्यका लागि निजी क्षेत्रको समेत सहयोग लिन सक्नेछ ।

१७. **बसपार्क प्रवेश, पार्किङ्ग शुल्कः** (१ ) नगरपालिका क्षेत्रभित्र नगरपालिका आफैंले निर्माण गरेका वा रेखदेख वा सञ्चालन गरेका बसपार्कमा सवारीका साधन प्रवेश गरे वापत कार्यबिधि बनाई शुल्क निर्धारण गरिनेछ । सुबिधा उपलब्ध गराए वापत अनुसुची (१५) मा उल्लेख भए बमोजिमको दरमा प्रवेश शुल्क लगाइने र असुल उपर गरिनेछ । यस कार्यका लागि निजी क्षेत्रको समेत सहयोग लिन सकिनेछ ।

१८. **सम्पत्ति वाहाल** : (१) नगरपालिकाको स्वामित्वमा रहेको घर, पसल, टहरा, जग्गा जमिन बहालमा लगाए वापत विगतमा भएको सम्झौता अनुसार वहाल रकम असुल उपर गरिनेछ ।

तर माथि जुनसुकै कुरा कुरा लेखिएको भएतापनि चालु आ.ब २०७७/७८ मा कोभिडको दोश्रो भेरियण्टका कारण सम्पूर्ण बजार बन्द रहेकोले २०७८ साल वैशाख १६ गतेदेखि असार १५ गतेसम्मको अवधिको नगरपालिकाले विभिन्न स्थानमा भाडामा लगाएका पसल कवलहरुको घरभाडा पूर्ण रुपमा मिनाहा गरिनेछ ।

१९. **आय प्रक्षेपणः** (१) नगरपालिकाको आ ब २०७८।०७९ का लागि यस ऐन बमोजिम तोकिएका कर, शुल्क तथा दस्तुरहरूका आधारमा अनुमान गरिएको आन्तरिक आय र अनुमानित बाह्य आय समेतलाई एकीकृत गरी कायम भएको कूल अनुमानित आय बजेट १ अर्ब १८ करोड ७९ लाख  हुनेछ ।

२०. **आन्तरिक आय ठेक्काः (१)** आ.ब. २०७८।७९ का लागि हाटबजार, बसपार्क, भौतिक पूर्वाधार उपयोग शुल्क, बेलहिया शहरी सेवा केन्द्र पार्किङ शुल्क, विज्ञापन शुल्क, आँखा अस्पताल, हाटबजार, जिल्ला प्रशासन कार्यालय अगाडि, मालपोत कार्यालय वरिपरी क्षेत्र, वडा नं. १ सशस्त्र प्रहरीको पश्चिमतर्फ खाली जग्गामा पार्किङ शुल्कको न्यूनतम ठेक्का अंक अनुसुचि १६ मा उल्लेख गरे बमोजिम हुनेछ ।

तर विपद्को कारणले ठेक्का बन्दोबस्त गर्दा पूरै एक आर्थिक बर्ष भित्रको अवधिमा गर्न नसकिएमा न्यूनतम ठेक्का अंक कायम गर्दा जति महिना वा दिनको लागि लगाउन सकिन्छ सोही बमोजिम हिसाब गरी कायम गरिनेछ । आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्दा कोभिड १९ र अन्य यस्तै विपद् निरन्तर भइरहेमा वा सोको प्रभावको कारण ठेक्का बन्दोबस्त गर्न नसकिएमा नगरपालिकाले अमानतमा कर, शुल्क, दस्तुर संकलन गर्न बाधा पर्नेछैन ।

२१. **कवाडी करः** (१) नगरपालिका क्षेत्रभित्र संकलन हुने कवाडी वस्तुहरुको लागि अनुसुची १७ बमोजिम कवाडी कर लिईनेछ ।

२२. **निजी अस्पताल तथा अन्य स्वास्थ्य संस्था स्थापना र नविकरण** : (१) नगरपालिका क्षेत्रभित्र निजी अस्पताल तथा स्वास्थ्य संस्था स्थापना र नविकरणका लागि अनुसुचि १८ बमोजिमको कर लिईनेछ

२३. **कृषि तथा पशूजन्य वस्तुको व्यवसायिक कारोबार** : (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने कृषि तथा पशुजन्य वस्तुको व्यवसायीक कारोबारको लागि अनुसुची १९ बमोजिमको कर लिईनेछ ।

**२४. कर छुट तथा जरिवाना :** (१) यस ऐन बमोजिम तोकिएको अवधि भित्र कर बुझाउने करदातालाई दिइएको छुट बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर प्राकृतिक विपत्ती वा विशेष अवस्था सिर्जना भइ छुट दिनुपर्ने अवस्था आइपरेमा नगर सभाबाट निर्णय गराइ छुट दिने सकिनेछ । बार्षिक कर दस्तुर शुल्क बुझाउन विलम्ब भएमा अनुसुचि २० बमोजिम दण्ड जरिवाना हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाबाट लगाइएका वा लगाइने आय ठेक्काको सम्झौतामा नै छुट प्रावधान राखी भए गरेका वा हुने सम्झौताको हकमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । घ वर्गको इजाजत चालु आ.व.०७७/७८ मा कोभिड १९ का कारण चैत्र मसान्तसम्म वुझाउनुपर्ने कर (नविकरण) म्याद आषाढ मसान्तसम्म थप गर्ने र सो समयको थप जरिवाना लिइनेछैन ।

**२५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**२६. यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनु अघि भए गरेका कार्यहरु यसै ऐन बमोजिम गरेको मानिनेछ ।

**२६. प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएका बिषयहरु यसै बमोजिम र उल्लेख नगरिएका बिषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**२७ बिबिधः**

(१) नेपालको संविधान २०७२ को धारा ५७(५), १०९, १६२(४), १९७, २१४(२), २२१(२), र २२६(१) सँग सम्बन्धित अनुसूचि ९ अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा परेका अधिकारहरूको हकमा प्रदेश तथा संघीय कानून स्वीकृत भै सोही कानूनहरूमा ब्यबस्था भए बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिमको कर, शुल्क तथा दस्तुर संकलनका लागि नगरपालिकाले निजी क्षेत्रको सीप, क्षमता र पूँजीलाई अधिकतम उपयोग गर्नेगरी आबश्यक रणनीति निर्माण गरी सार्बजनिक निजी साझेदारी (Public Private Partnership-PPP) को अबधारणा अनुसार आबश्यकता र प्रभावकारिता समेतलाई मध्यनजर गरी केही अयोजनाहरू कार्यान्वयन गर्न सक्नेछ ।

(३) आफ्नो अधिकार क्षेत्र भित्रको कर, शुल्क तथा दस्तुरहरू निर्धारण एवं संकलन गर्ने सन्दर्भमा नगरपालिकाले सरकारी वा गैरसरकारी संस्था, नगरबासीहरू र सरोकारवालाहरू समेतको आबश्यक परामर्श एवं सहयोग लिन सक्नेछ ।

(४) नगरका बिभिन्न स्थानमा अस्थायी रूपमा बसोबास गरिरहेका नागरिकहरूलाई करको दायरामा ल्याउन नगरपालिकाले आवश्यक कार्यविधि तयार गरी लागू गर्न सक्नेछ । कुनै करका सम्बन्धमा द्विविधा उत्पन्न भएमा वा आर्थिक ऐनको मर्म विपरित नहुने गरी सामान्य संशोधन गर्नुपर्ने भएमा सोको अधिकार कार्यपालिकालाई प्रत्यायोजन गरिएको छ ।

(५) यस ऐनमा उल्लेख भएका ब्यबस्थाहरुको हकमा यसै ऐन बमोजिम र अन्य उल्लेख नभएका प्राबधानहरूको हकमा बिगतमा नगरपालिकाको नगरसभाले स्वीकृत गरेका ऐन, नियम, कार्यबिधि, निर्देशिका, निर्णयहरु र प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(६) यस ऐनमा उल्लेख भएका प्रावधानहरु संघीय वा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छन् ।

अनुसुची १

# आर्थिक ऐन २०७८ को दफा २(१) संग सम्बन्धीत

## सम्पति कर

### कर निर्धारणको लागि सम्पतिकरको दर

| कम संख्या | सम्पत्तिको मूल्य रु भन्दा माथि | मूल्य रु सम्मको लागी | सम्पत्तिकर |
|---|---|---|---|
| १ | - | २,५००,०००.०० | ५०.०० |
| २ | २५०,००१.०० | ५००,०००.०० | १००.०० |
| ३ | ५००,००१.०० | ७५०,०००.०० | १५०.०० |
| ४ | ७५०,००१.०० | १,०००,०००.०० | २००.०० |
| ५ | १,०००,००१.०० | १,२५०,०००.०० | २५०.०० |
| ६ | १,२५०,००१.०० | १,५००,०००.०० | ३००.०० |
| ७ | १,५००,००१.०० | १,७५०,०००.०० | ३५०.०० |
| ८ | १,७५०,००१.०० | २,०००,०००.०० | ४००.०० |
| ९ | २,०००,००१.०० | २,२५०,०००.०० | ५००.०० |
| १० | २,२५०,००१.०० | २,५००,०००.०० | ६७०.०० |
| ११ | २,५००,००१.०० | २,७५०,०००.०० | ८४०.०० |
| १२ | २,७५०,००१.०० | ३,०००,०००.०० | १,०००.०० |
| १३ | ३,०००,००१.०० | ३,५००,०००.०० | १,२००.०० |
| १४ | ३,५००,००१.०० | ४,०००,०००.०० | १,८००.०० |
| १५ | ४,०००,००१.०० | ४,५००,०००.०० | २,४००.०० |
| १६ | ४,५००,००१.०० | ५,०००,०००.०० | ३,०००.०० |
| १७ | ५,०००,००१.०० | ६,०००,०००.०० | ३,५००.०० |
| १८ | ६,०००,००१.०० | ७,०००,०००.०० | ५,१२५.०० |
| १९ | ७,०००,००१.०० | ८,०००,०००.०० | ६,७५०.०० |
| २० | ८,०००,००१.०० | ९,०००,०००.०० | ८,३७५.०० |
| २१ | ९,०००,००१.०० | १०,०००,०००.०० | १०,०००.०० |
| २२ | १०,०००,००१.०० | १२,०००,०००.०० | १२,०००.०० |
| २३ | १२,०००,००१.०० | १४,०००,०००.०० | १४,०००.०० |
| २४ | १४,०००,००१.०० | १६,०००,०००.०० | १६,०००.०० |
| २५ | १६,०००,००१.०० | १८,०००,०००.०० | १८,०००.०० |
| २६ | १८,०००,००१.०० | २०,०००,०००.०० | २०,०००.०० |
| २७ | २०,०००,००१.०० | २५,०००,०००.०० | २५,०००.०० |
| २८ | २५,०००,००१.०० | ३०,०००,०००.०० | ३२,०००.०० |
| २९ | ३०,०००,००१.०० | ३५,०००,०००.०० | ३९,०००.०० |
| ३० | ३५,०००,००१.०० | ४०,०००,०००.०० | ४६,०००.०० |
| ३१ | ४०,०००,००१.०० | ४५,०००,०००.०० | ५३,०००.०० |
| ३२ | ४५,०००,००१.०० | ५०,०००,०००.०० | ६०,०००.०० |
| ३३ | ५,००,००,००१.०० देखि | | ०.२ प्रतिशत |

अनुसुची (२)

## आर्थिक ऐन २०७८ को दफा ३(४) संग सम्बन्धीत

## सम्पति कर

## निर्धारणको लागि भौतिक संरचनाहरुको मुल्यांकन दर

| क्षेत्र | | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्का जोडाईमा ढलाई | | माटोको जोडाइमा ढलाई | | पक्का जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाई भै जस्ता वा टायल छाना | | सेड | |
| | | व्यापारिक,औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | २००० | १८५० | १५०० | १४०० | १२०० | ११५० | १००० | ९५० | ७०० | ६५० |
| ख | आवासीय क्षेत्र | १७०० | १५५० | १२०० | ११०० | ९५० | ८५० | ८०० | ७५० | ५५० | ४७५ |
| ग | कृषि क्षेत्र | १४०० | १२५० | १००० | ९०० | ८०० | ७०० | ६५० | ६०० | ४७५ | ४०० |

अनुसुची ४

## आर्थिक ऐन २०७८ को दफा ४ संग सम्बन्धीत

**मालपोत तथा भुमिकर कर निर्धारणको लागि करको दर**

| कम संख्या | सम्पत्तिको मूल्य रु भन्दा माथि | मूल्य रु सम्मको लागी | सम्पत्तिकर |
|---|---|---|---|
| १ | - | २,५००,०००.०० | ५०.०० |
| २ | २५०,००१.०० | ५००,०००.०० | १००.०० |
| ३ | ५००,००१.०० | ७५०,०००.०० | १५०.०० |
| ४ | ७५०,००१.०० | १,०००,०००.०० | २००.०० |
| ५ | १,०००,००१.०० | १,२५०,०००.०० | २५०.०० |
| ६ | १,२५०,००१.०० | १,५००,०००.०० | ३००.०० |
| ७ | १,५००,००१.०० | १,७५०,०००.०० | ३५०.०० |
| ८ | १,७५०,००१.०० | २,०००,०००.०० | ४००.०० |
| ९ | २,०००,००१.०० | २,२५०,०००.०० | ५००.०० |
| १० | २,२५०,००१.०० | २,५००,०००.०० | ६७०.०० |

| | | | |
|---|---|---|---|
| ११ | २,५००,००१.०० | २,७५०,०००.०० | ८४०.०० |
| १२ | २,७५०,००१.०० | ३,०००,०००.०० | १,०००.०० |
| १३ | ३,०००,००१.०० | ३,५००,०००.०० | १,२००.०० |
| १४ | ३,५००,००१.०० | ४,०००,०००.०० | १,८००.०० |
| १५ | ४,०००,००१.०० | ४,५००,०००.०० | २,४००.०० |
| १६ | ४,५००,००१.०० | ५,०००,०००.०० | ३,०००.०० |
| १७ | ५,०००,००१.०० | ६,०००,०००.०० | ३,५००.०० |
| १८ | ६,०००,००१.०० | ७,०००,०००.०० | ५,१२५.०० |
| १९ | ७,०००,००१.०० | ८,०००,०००.०० | ६,७५०.०० |
| २० | ८,०००,००१.०० | ९,०००,०००.०० | ८,३७५.०० |
| २१ | ९,०००,००१.०० | १०,०००,०००.०० | १०,०००.०० |
| २२ | १०,०००,००१.०० | १२,०००,०००.०० | १२,०००.०० |
| २३ | १२,०००,००१.०० | १४,०००,०००.०० | १४,०००.०० |
| २४ | १४,०००,००१.०० | १६,०००,०००.०० | १६,०००.०० |
| २५ | १६,०००,००१.०० | १८,०००,०००.०० | १८,०००.०० |
| २६ | १८,०००,००१.०० | २०,०००,०००.०० | २०,०००.०० |
| २७ | २०,०००,००१.०० | २५,०००,०००.०० | २५,०००.०० |
| २८ | २५,०००,००१.०० | ३०,०००,०००.०० | ३२,०००.०० |
| २९ | ३०,०००,००१.०० | ३५,०००,०००.०० | ३९,०००.०० |
| ३० | ३५,०००,००१.०० | ४०,०००,०००.०० | ४६,०००.०० |
| ३१ | ४०,०००,००१.०० | ४५,०००,०००.०० | ५३,०००.०० |
| ३२ | ४५,०००,००१.०० | ५०,०००,०००.०० | ६०,०००.०० |
| ३३ | ५,००,००,००१.०० देखि | | ०.२ प्रतिशत |

## अनुसुचि (५)

## आर्थिक ऐन २०७८ को दफा ६(१) संग सम्बन्धित

आ.व. २०७८।०७९ को बहाल कर

| सि.नं. | विवरण | आ.व.२०७७।७८ | आ.व.२०७८।७९ |
|---|---|---|---|
| १ | घर जग्गा बहाल कर<br>(बहाल रकमको ) | १०% | १०% |

## अनुसुचि (६)

आर्थिक ऐन २०७८ को दफा ७(१) संग सम्बन्धित

आ.व. २०७८।०७९ को व्यवसायकरको दर

| | व्यवसाय विवरण | आ.व.२०७७।७८ को दररेट | आ.व.२०७८।७९ को दररेट |
|---|---|---|---|
| १ | खाद्य किराना | | |
| | गल्ला पसल | २८००।०० | २८००।०० |
| | खाद्यन्न तथा तेल डिपो | ४०००।०० | ४०००।०० |
| | थोक बिक्री गर्नेमा | १६००।०० | १६००।०० |
| | खुद्रा बिक्री गर्नेमा | ११००।०० | ११००।०० |
| २ | सैलुन तथा व्युटी पार्लर | | |
| | क. ५ जना भन्दा बढी कारिगर भएको | १३००।०० | १३००।०० |
| | ख. २ देखि ५ जना सम्म कारिगर भएको | १०००।०० | १०००।०० |
| | ग. मसाज सेन्टर | ३०००।०० | ३०००।०० |
| ३ | लुगा सिउने पसल | | |
| | क. आधुनिक कपडा सिलाई गर्ने | २०००।०० | २०००।०० |
| | ख. बढीमा तिन मेशिन राखी सिलाई गर्ने | १०००।०० | १०००।०० |
| | ग. बुटीक (फेशन कलेक्सन) | १०००।०० | १०००।०० |
| ४ | जुत्ता, चप्पल पसल | | |
| | क. फेन्सी जुत्ता, चप्पल बिक्री गर्ने | २५००।०० | २५००।०० |
| | क. घरेलु जुत्ता, चप्पल बनाई बिक्री गर्ने | २०००।०० | २०००।०० |
| ५ | भाडा बनाउने उद्योग | | |
| | क. आधुनिक मेशिनवाट भाडा बनाउने | २०००।०० | २०००।०० |
| | ख. ढलान तथा हातले भाडा बनाउने | १५००।०० | १५००।०० |
| ६ | पान, बिडी चुरोट पसल | | |
| | क. चुरोटको डिलर | ५०००।०० | ५०००।०० |
| | ख. मुल सडकको पसललाई | २०००।०० | २०००।०० |
| | ग. अन्य ठांउको पसललाई | १०००।०० | १०००।०० |
| ७ | कलर ल्याब, फोटो स्टुडियो फोटोकपी पसल | | |
| | क. कलर ल्याब | २५००।०० | २५००।०० |
| | ख. भिडीयो क्यामरा, फैक्स, फोटोकपी फोन पि.सि.ओ | १०००।०० | १०००।०० |
| | ग. स्टुडियो, फोटोकपी, भिडीयो क्यामरा पि.सि.ओ. | १०००।०० | १०००।०० |
| | घ. १ भन्दा बढी फोटोकपी र फैक्स समेत | १०००।०० | १०००।०० |
| ८ | आयल निगम | | |
| | क. २ पम्प डिलर समेत | ७०००।०० | ७०००।०० |
| | ख. १ पम्प डिलर समेत | ५०००।०० | ५०००।०० |

| | | | |
|---|---|---|---|
| | ग. फुटकर बिक्री | २०००।०० | २०००।०० |
| | घ. मट्टितेल मात्र बिक्री | २०००।०० | २०००।०० |
| ९ | हार्डवेयर समान पसल | | |
| | क. हार्डवेयरका सवै समान मार्वल, प्लाईउड शिशा समेत थोक | १००००।०० | १००००।०० |
| | ख. छड सिमेन्टको फुटकर बिक्री | ६०००।०० | ६०००।०० |
| | ग. हैण्ड पाईप, जि.आई. पाईप बिक्री तथा फिटिङ | ३५००।०० | ३५००।०० |
| | घ. शिशा तथा प्लाईउड बिक्री | ४५००।०० | ४५००।०० |
| | ङ. पेन्ट तथा चुना मात्र | २५००।०० | २५००।०० |
| १० | बिजुलीका सामानको पसल | | |
| | क. विद्युत समानको डिलरमा | ५०००।०० | ५०००।०० |
| | ख. विद्युत समानको फुटकर | ४०००।०० | ४०००।०० |
| ११ | पाउरोटी, बिस्कुट समोसा उद्योग | | |
| | क. आधुनिक मेशिनवाट बिस्कुट उत्पादन गर्ने | ७०००।०० | ७०००।०० |
| | ख. पाउरोटी तथा समोसा उत्पादन गर्ने | ३५००।०० | ३५००।०० |
| १२ | कन्फेक्सनरी उद्योग (चकलेट) | | |
| | क. आधुनिक मेशिनवाट उत्पादन गर्ने | ७५००।०० | ७५००।०० |
| | ख. हाते मेशिनवाट उत्पादन गर्ने | ३५००।०० | ३५००।०० |
| १३ | चियापति तथा कफि उद्योग | ६०००।०० | ६०००।०० |
| १४ | इलेक्ट्रोनिक फैन्सी समान तथा मेशिनरी औजार | ५०००।०० | ५०००।०० |
| १५ | फेन्सी रेडिमेट कपडा पसल | ३०००।०० | ३०००।०० |
| १६ | कम्प्युटर, फयाक्स, उपकरण बिक्री पसल | ४०००।०० | ४०००।०० |
| १८ | फर्निचर उद्योग | | |
| | क. आधुनिक फर्निचर शोरूम मात्र | ७०००।०० | ७०००।०० |
| | ख. साधारण फर्निचर | ४०००।०० | ४०००।०० |
| १९ | स मिल | | |
| | क. ट्रली वेण्डसा राखी कार्य गर्ने | ८०००।०० | ८०००।०० |
| | ख. वेण्डसा भएको | ५०००।०० | ५०००।०० |
| | नोट : २.५ हर्ष पावर देखी माथिकोलाई सिफारिश नदिने । | | |
| २० | कपडा पसल | | |
| | क. थोक बिक्री पसल | ५०००।०० | ५०००।०० |
| | ख. खुद्रा बिक्री पसल | २५००।०० | २५००।०० |
| २१ | मदिरा पसल | | |
| | क मदिरा वितरक (डिष्टीब्युटर्स ) | ११०००।०० | ११०००।०० |
| | ख. थोक मदिरा बिक्रेता | ७०००।०० | ७०००।०० |
| | ग. खुद्रा मदिरा बिक्रेता | २५००।०० | २५००।०० |
| २२ | धान, दाल, तेल कुटने पल्ने मिल | | |
| | क. १० हर्ष पावर सम्मको | २५००।०० | २५००।०० |

| | | | |
|---|---|---|---|
| | ख. १० देखी २० हर्ष पावर सम्म | ३०००।०० | ३०००।०० |
| | ग. २० देखी ३० हर्ष पावर सम्म | ३५००।०० | ३५००।०० |
| | घ. ३० देखी ५० हर्ष पावर सम्म | ५०००।०० | ५०००।०० |
| | ङ. ५० देखी ८० हर्ष पावर सम्म | ६५००।०० | ६५००।०० |
| | च. ८० देखी १०० हर्ष पावर सम्म | १०५००।०० | १०५००।०० |
| | छ. १०० हर्ष पावर भन्दा माथि | १५०००।०० | १५०००।०० |
| २३ | ट्रान्सपोर्ट कम्पनी | | |
| | क. विभिन्न ठांउमा शाखा भएको | ६०००।०० | ६०००।०० |
| २४ | कृषि सामाग्री बिकी गर्ने | | |
| | कृषि जन्य बिउ बिजन, औषधी, अन्य सामाग्री | २०००।०० | २०००।०० |
| | कृषि जन्य विउ विजन मात्र | १५००।०० | १५००।०० |
| | नर्सरी | २०००।०० | २०००।०० |
| | कृषि फर्म कम्पनि दर्ता गरी संचलन गर्ने | ३०००।०० | ३०००।०० |
| | कृषि उपकरण (मेशनरी समान )बिक्री | ६०००।०० | ६०००।०० |
| | मल खाद बिक्री गर्ने | ३०००।०० | ३०००।०० |
| २५ | स्टेशनरी पसल | | |
| | क. आधुनिक ठुला स्टेशनरी एंव सप्लार्यस | ३५००।०० | ३५००।०० |
| | ख. साधारण स्टेशनरी | २०००।०० | २०००।०० |
| २६ | छापाखाना | | |
| | क.अफसेट प्रेस तथा फ्लेक्स प्रिन्टस भएको | ४०००।०० | ४०००।०० |
| | ख. अफसेट प्रेस तथा साधारण प्रेस भएको | २५००।०० | २५००।०० |
| | ग. फ्लेक्स प्रिन्टस तथा स्कीन प्रिन्ट भएको | २५००।०० | २५००।०० |
| २७ | उद्योग | | |
| | सोयाबिन उद्योग | ८०००।०० | ८०००।०० |
| | फोम उद्योग | १००००।०० | १००००।०० |
| | सुर्ति उद्योग | १००००।०० | १००००।०० |
| | ईटा, टायल ह्युम पाईप उद्योग (मेशिन वाट) | ८०००।०० | ८०००।०० |
| | ईटा, टायल ह्युम पाईप उद्योग | ६०००।०० | ६०००।०० |
| | स्टील फर्निचर उद्योग | ६०००।०० | ६०००।०० |
| | पशुपंछीको दाना उत्पादन उद्योग | ५०००।०० | ५०००।०० |
| | बिउबिजन उद्योग | १५००।०० | १५००।०० |
| | भेटनरी औषधी उद्योग | २०००।०० | २०००।०० |
| | बेतबांस फर्निचर उद्योग | ३५००।०० | ३५००।०० |
| | ग्रिल सटर उद्योग | ४०००।०० | ४०००।०० |
| | चश्मामा लाग्ने पावर शिशा उद्योग | ३५००।०० | ३५००।०० |
| | अगर बत्ती उद्योग | २०००।०० | २०००।०० |
| | साबुन उद्योग, सेनिटाईजर उद्योग | ३०००।०० | ३०००।०० |
| | आइसक्रिम उद्योग | २०००।०० | २०००।०० |

| | | | |
|---|---|---|---|
| | फलाम तथा फलामजन्य उद्योगहरू  गलाउने | १००००।०० | १००००।०० |
| | लोहा कारखाना ढलाई समेत | २०००।०० | २०००।०० |
| | आधुनिक चाउ चाउ उद्योग | १००००।०० | १००००।०० |
| | चाउ मिन उद्योग | २०००।०० | २०००।०० |
| | बेट्री उद्योग | २०००।०० | २०००।०० |
| | गत्ताको डब्बा बनाउने उद्योग | २०००।०० | २०००।०० |
| | आइस (बरफ) उद्योग | २०००।०० | २०००।०० |
| | सोडापानी उद्योग | १५००।०० | १५००।०० |
| | दालमोट, पापड उद्योग | १५००।०० | १५००।०० |
| | मसला पिस्ने उद्योग | १५००।०० | १५००।०० |
| | टायल, ब्लक हौदी गमला उद्योग | २५००।०० | २५००।०० |
| | चप्पल जुत्ता उद्योग | ३०००।०० | ३०००।०० |
| | प्लाष्टिकको झोला उद्योग | ८०००।०० | ८०००।०० |
| | अन्य प्लाष्टिक उद्योग | ४०००।०० | ४०००।०० |
| | गार्मेण्ट उद्योग | ५०००।०० | ५०००।०० |
| | ढाका कपडा उद्योग | २०००।०० | २०००।०० |
| | भाडा माझ्ने जाली उद्योग | २०००।०० | २०००।०० |
| | चिजबल,चिप्स कुरकुरे,म्याकरोनी पास्ता आधुनिक मेसिन बाट | ५०००।०० | ५०००।०० |
| | प्लाष्टिकको बिर्को बनाउने उद्योग | ६०००।०० | ६०००।०० |
| | आल्मुनियम ग्रिल उद्योग | ६०००।०० | ६०००।०० |
| | मिनरल वाटर (पानी उधोग) | ६०००।०० | ६०००।०० |
| | भुजा उधोग (उत्पादन  र प्याकेजिङ.) | ३५००।०० | ३५००।०० |
| | कागज उद्योग | ५०००।०० | ५०००।०० |
| | हस्तकला उद्योग | १०००।०० | १०००।०० |
| | दुग्ध चिस्यान केन्द्र | २०००।०० | २०००।०० |
| | कोल्ड स्टोर | ८०००।०० | ८०००।०० |
| | प्याकेजिङ. बस्तु उत्पादन उद्योग | ५०००।०० | ५०००।०० |
| | मसला प्याकेजिङ. | २५००।०० | २५००।०० |
| | सर्जिकल मास्क उद्योग | ०।०० | ५०००।०० |
| २८ | मर्मत तथा रिसोलिङ. कारखाना | | |
| | ट्रक वा बसको बोडी बनाउने | ५०००।०० | ५०००।०० |
| | लेथ मेशिन तथा इन्जिनीयरिङ. वर्कशप | ४०००।०० | ४०००।०० |
| | रिसोलिङ. कारखाना | ३५००।०० | ३५००।०० |
| | टायर टियुब बिक्री पसल | ४०००।०० | ४०००।०० |
| | गाडीहरू डेन्ट पेन्ट गर्ने | २५००।०० | २५००।०० |
| | टेक्टर मर्मत | २५००।०० | २५००।०० |
| | मोटर गाडी मर्मत साधारण | २५००।०० | २५००।०० |
| | एयर कन्डिशन तथा फ्रिज ट्रासफर्मर मर्मत | ३०००।०० | ३०००।०० |

| | | | |
|---|---|---|---|
| | गाडीहरू डन्ट पेन्ट गर्ने (लाइट सवारी) | २५००।०० | २५००।०० |
| | मोटर साइकल मर्मत | १५००।०० | १५००।०० |
| | गाडीहरूमा हावा भर्ने तथा पन्चर बनाउने | १५००।०० | १५००।०० |
| | फयुल पम्प, मोटर पम्प, पम्पसेट, जर्नेटर मर्मत | १५००।०० | १५००।०० |
| | पंखा, बिजुली, हिटर आइरन मर्मत | १५००।०० | १५००।०० |
| | रिक्सा साइकल मर्मत | १५००।०० | १५००।०० |
| | घडी,रेडियो, भिडियो डेक, क्यामरा, मोवाइल मर्मत पसल | १५००।०० | १५००।०० |
| | ग्यांस चुल्हो, स्टोभ आदी मर्मत | १५००।०० | १५००।०० |
| | सवारी साधनको सिट तथा हुट बनाउने | १५००।०० | १५००।०० |
| | फोटोकपी मर्मत पसल | १५००।०० | १५००।०० |
| | कम्प्युटर मर्मत पसल | २०००।०० | २०००।०० |
| | पुरानो बोरा मर्मत पसल | १५००।०० | १५००।०० |
| | सिलाई मेशिन तथा बन्दुक मर्मत | १०००।०० | १०००।०० |
| | वाटर फिल्टर मर्मत | २५००।०० | २५००।०० |
| | अन्य साधारण मर्मत पसल | १५००।०० | १५००।०० |
| २९ | ठेकेदार | | |
| | क. श्रेणीको ठेकेदारमा | १५०००।०० | १५०००।०० |
| | ख. श्रेणीको ठेकेदारमा | १००००।०० | १००००।०० |
| | ग. श्रेणीको ठेकेदारमा | ५०००।०० | ५०००।०० |
| | घ. श्रेणीको ठेकेदारमा | ४०००।०० | ४०००।०० |
| | ङ. विदेशी निर्माण कम्पनीहरूको लागी | ३००००।०० | ३००००।०० |
| | नगरपालिका क्षेत्र बाहिरको ठेगाना भएका ठेकेदारले ठेक्का कार्यको टेण्डर फाराम खरिद गर्न आउदा सो आ.व.को व्यवसाय कर अनिवार्य रूपमा बुझाएको हुनु पर्नेछ। | | |
| | ठेकेदारहरूले गत आर्थिक वर्षमा जिल्ला लगायत अन्य कुनै ठांउमा केही पनी ठेक्काको कारोवार नगरेको भनी सो व्यहोराको प्रमाण आन्तरिक राजश्व कार्यालयवाट लिई आएमा तोकिएको दररेटमा ७५% छुट दिने। | | |
| | नगरपालिका क्षेत्र भित्र ठेगाना भएका ठेकेदारहरूको हकमा भने टेण्डर खरिद गर्नु भन्दा पहिला व्यवसाय कर (बक्यौता सहित) बुझाएको हुनु पर्नेछ। | | |
| ३० | लेखापरिक्षक (अडिटर) | | |
| | क. श्रेणीको लेखापरिक्षक | ४०००।०० | ४०००।०० |
| | ख. श्रेणीको लेखापरिक्षक | ३०००।०० | ३०००।०० |

| | | | |
|---|---|---|---|
| | ग. श्रेणीको लेखापरिक्षक | २०००।०० | २०००।०० |
| | घ. श्रेणीको लेखापरिक्षक | १०००।०० | १०००।०० |
| ३१ | संचार सेवा | | |
| ` | इन्टरनेट सेवा विस्तार गर्नेलाई | १००००।०० | १००००।०० |
| | डिस होम, सिम टि.भी. | १००००।०० | १००००।०० |
| | टेलिफोन, टंकल, फ्याक्स सेवा भएको | १५००।०० | १५००।०० |
| | मोबाईल तथा टेलिफोन टावर १ देखि ३ वटा सम्म प्रति टावर | ७०००।०० | ७०००।०० |
| | ३ वटा भन्दा माथि जतिसुकै टावर | ३५०००।०० | ३५०००।०० |
| | साइबर क्याफे | १५००।०० | १५००।०० |
| | मिडिया तथा सूचना संचार/ विज्ञापन एजेन्सी | १५००।०० | १५००।०० |
| | मोबाईल बिक्री पसल | २०००।०० | २०००।०० |
| | कम्पुटर डिजाइन  प्रिन्ट गर्ने | २५००।०० | २५००।०० |
| | दुत डेलिभरी सर्भिस | १५००।०० | १५००।०० |
| | विज्ञापन सम्बन्धी सामाग्रीको थोक बिक्रेतालाई | ३०००।०० | ३०००।०० |
| ३२ | नेटवर्क केबल लाइन | १५०००।०० | १५०००।०० |
| ३३ | नर्सिङ. होम तथा अस्पताल व्यवसायमा | | |
| | १५ वेड सम्म व्यवस्था भएको | १००००।०० | १००००।०० |
| | १५ वेड भन्दा माथि व्यवस्था भएको | १५०००।०० | १५०००।०० |
| | थोक औषधीमात्र विक्री पसल | ३०००।०० | ३०००।०० |
| | फुटकर औषधीमात्र बिक्री पसल | २०००।०० | २०००।०० |
| | थोक आयुर्वेदिक औषधी पसल | २०००।०० | २०००।०० |
| | फुटकर आयुर्वेदिक औषधी पसल | १०००।०० | १०००।०० |
| | एक्सरे, अल्ट्रासाउण्ड, ल्याब प्रत्येकको | २०००।०० | २०००।०० |
| | एम. आर.आई. सिटी स्क्यान | ३५००।०० | ३५००।०० |
| | क्लिनिक बिरामी जाच्ने | ३५००।०० | ३५००।०० |
| | अक्यूपंचर फिजीयो थेरापी क्लिनिक | २०००।०० | २०००।०० |
| ३४ | एजेन्सी तथा परामर्शदाता,एजेन्ट,कन्सलटेन्सी | | |
| | इन्जिनियरिङ्ग कन्सलटेन्सी सेवा | ५०००।०० | ५०००।०० |
| | बिमा एजेन्ट | १०००।०० | १०००।०० |
| | शेयर दलाल | १५००।०० | १५००।०० |
| | परामर्शदाता | १५००।०० | १५००।०० |
| | नाफा कमाउने उद्धेश्यको संघ संस्था | १०००।०० | १०००।०० |
| | घर जग्गा खरिद बिक्री (रियल स्टेट) | ७५००।०० | ७५००।०० |
| | ट्रेकिङ. एजेन्सी | १५००।०० | १५००।०० |
| | ट्राभल एजेन्सी | २०००।०० | २०००।०० |
| | विमा एजेन्सी | १०००।०० | १०००।०० |
| | क्लियरिङ. एजेण्ट | ३०००।०० | ३०००।०० |

| | | | |
|---|---|---|---|
| | निजी स्तरवाट संचालित एयरवेजहरूलाई | १२०००।०० | १२०००।०० |
| ३५ | विविध सामानको डिलर,सप्लायर्स,एजेन्सी | | |
| | ग्यास एजेन्सी (सुरक्षित किसिमले राख्नु पर्ने) | ३५००।०० | ३५००।०० |
| | ईटा टायल बिक्री डिपो | ४०००।०० | ४०००।०० |
| | वालुवा,छर्रा गिट्टी डिपो | ७०००।०० | ७०००।०० |
| | कोक, फेन्टा, पेप्सीको डिलर | ५५००।०० | ५५००।०० |
| | खुद्रा बिक्री | २२००।०० | २२००।०० |
| | विभिन्न सामानको अधिकृत थोक फुटकर विक्रेता | ८०००।०० | ८०००।०० |
| | विभिन्न मेशिनरीको पार्टपुर्जाको अधिकृत विक्रेता | ४०००।०० | ४०००।०० |
| | आलु प्याजको थोक बिक्रेता | ८०००।०० | ८०००।०० |
| | आलु प्याजको फुटकर बिक्रेता | २०००।०० | २०००।०० |
| | अण्डाको थोक बिक्रेता | ३०००।०० | ३०००।०० |
